**पौरस्त्य शिक्षामा ६४ कला (विद्या)**

डा. वासुदेवकृष्ण शास्त्री

पौरस्त्य ज्ञानविज्ञानको अध्ययनमा शिक्षाको महत्त्वपूर्ण स्थान छ । गुरुकुल शिक्षाअन्तर्गत हामीले वैदिक ज्ञानलाई अझ व्यापक बनाउन प्राचीन शिक्षाको ज्ञानलाई गुरुकुलमा समावेश गर्नुपर्दछ ।

वैदिक सनातन शिक्षा पद्धतिमा मानवका सर्वाङ्गीण विकासका लागि शिक्षाको महत्त्वपूर्ण भूमिका छ । वैदिक शिक्षापद्धतिमा सिकाइ, प्रयोगात्मक, व्यावहारिक, समायानुकूल, युगानुकूल, समाजसापेक्ष शिक्षाको चर्चा गरेको पाइन्छ । गुरुकुलमा पढ्ने विद्यार्थीको शारीरिक, मानसिक, चारित्रिक, सर्वाङ्गीण विकासको शिक्षाले सवल नागरिक निर्माण गर्न सक्दछ । ६४ कलाको शिक्षाले विद्यार्थीको जीवनमा आमूल परिवर्तन ल्याउँदछ ।

सनातन वैदिक साहित्यमा ६४ कला (विद्या)को विषयमा व्यापक चर्चा भएको पाइन्छ । असल साधनाको आलोक र सबल नागरिक बन्नका निमित्त ६४ कलाको ज्ञान अति आवश्यक पर्दछ ।

१. **वेद विद्या :** छन्द, उच्चारण र लयका साथमा वेदमन्त्रहरूको अध्ययन, जटा, घन, विकृत आठ प्रकारको प्रक्रिया वेद विद्याको अध्ययन गरिन्छ । चार वेद उपवेद व्यवस्थित अध्ययन गर्ने ।

२. **ब्रह्म विद्या :** उपनिषद्मा भएको ब्रह्मविद्यालाई विशेष रूपले अध्ययन, मनन, चिन्तन र निदिध्यासन गर्ने ।

३. **राजयोग विद्या :** योगहरूमा राजयोग महत्त्वपूर्ण योग हो । मनको एकाग्रता, धारणा, ध्यान र समाधि सम्बन्धि अध्ययन र अनुशीलन गर्दै साधनामा तत्पर रहने योग विद्या ।

४. **हठयोग विद्या :** विभिन्न प्रकारका आसन, साधनाबाट शरीर र मनलाई स्वस्थ र निरोग राख्नका लागि प्राणायाम आदि विविध क्रियाहरूको प्रयोगात्मक अवस्थामा साधक स्वयंलाई लाने प्रक्रियाबारेमा चर्चा तथा अभ्यास

५. **अभावयोग विद्या :** चित्तलाई शून्य बनाउने प्रक्रियागत साधनाको अभ्यासबाट जीवनमुक्तिको अनुशीलन गर्ने, स्वस्वरूपमा अवस्थित भई आत्ममूल्याा न गरी परंशान्ति प्राप्त गर्ने स्वयं प्रकाशित गर्ने ।

६. **महायोग विद्या :** आˆनो चित्तभित्र भएको विश्वलाई विलीन गराएर आनन्दमय चेतना जागरण गर्ने विद्या

७. **स्वर विद्या :** श्वासप्रश्वासका साथमा शरीरभित्र चल्ने इडा, पिङ्गला र सुसुम्ना आदिको जानकारी प्राप्त गरी स्वरतन्त्रमा केन्द्रित भई चिन्तन र कर्मका बारेमा अध्ययन । इडा, पिङ्गला र सुषुम्ना यी तीन नाडीलाई नियन्त्रित गरी धर्म, अर्थ, काम र मोक्ष प्राप्तिको प्रयत्न गर्ने, भूत, भविष्य र वर्तमानको बोध गर्ने ।

८. **नादयोग विद्या :** अनाहत ध्वनि तथा प्राकृतिक सृजित सङ्गीत, जलवर्षा, बतास, वृष्टि, चराचुरुङ्गीबाट उत्पन्न भएको शब्द, खोलाको कलकल ध्वनि आदि प्राकृतिक तत्त्वहरूबाट उत्पन्न शब्दहरूमा चित्त लगाइ योग गर्ने

९. **कर्मयोग विद्या :** निष्काम कर्मको अभ्यासद्वारा आत्मशुद्धि गरी कसरी मुक्तिका मार्गमा अघि बढ्ने हो, त्यसको सैद्धान्तिक तथा व्यावहारिक उपायहरू

१०. **ज्ञानयोग विद्या :** विवेक र विचारद्वारा नित्य र अनित्य, शाश्वत र अशाश्वत दुई तत्त्वलाई छुट्याएर परम तत्त्वको अनुसन्धान गर्ने विद्या

११. **विन्दुयोग विद्या :** लक्ष्यमा (परमात्मा) एकाग्र भई मन्त्र, पूजा, आरती, न्यास, पुरश्चरण, हवनादिद्वारा आ ँनो दु:ख, कष्ट, दैविक विघ्नबाधा र अशुभ तत्त्वहरूलाई पञ्छाउने

१३. **ज्योतिष विद्या :** ग्रह गतिअनुसार भूत, भविष्य र वर्तमानको ज्ञान गर्ने मानवको प्रारब्ध भाग्यगणना र फलश्रुति आदिको ज्ञान ।

१४. **ज्योतिर्विद्या :** खगोलिय ग्रहहरूको गति, चाल र उनीहरूको परिक्रमा तिथि, बार, नक्षत्र, योग र करण पञ्चाङ्ग ग्रहगणितानुसार आकाश गङ्गा नक्षत्र र तिनका गतिविधिका बारेमा अध्ययन गर्ने ।

१५. **व्याकरण विद्या :** भाषाको शुद्धाशुद्ध ज्ञान, वाक्य निर्माण, भाषार्थ ज्ञान, लिङ्ग, समास, काल शब्द संयोजन, प्रस्तुति, भाषको वैज्ञानिक प्रयोग ।

१६ **छन्द विद्या :** संस्कृत वाङ्मयमा रहेका प्रयोग भएका विविध छन्द साहित्यका अनुष्टुप, जगति त्रिष्टुपादि स्वर व्यञ्जन वर्णका छन्द प्रयोग, विविध काव्यसम्बन्धि छन्दको ज्ञान ।

१७. **अङ्कगणित :** र्अा ज्ञान, जोड, घटाउ, गुणन, भाग सहित हिसाब गर्ने प्रक्रियाको बारेमा ज्ञान

१८. **बीजगणित :** क, ख आदिको संकेतलाई लिएर हिसाब गर्ने प्रक्रिया जसलाई अङग्रेजीमा बिनभदचब भनिन्छ ।

१९. **ज्यामिति :** दैर्घ, प्रस्थ, उच्चता, परिधि, वेध आदि परिमापन गर्ने विद्या ज्ञान रेखागणित जसलाई **( त्रिकोणमिति/ज्यामिति)** त्रिभुज र तीन कोणलाई आधार लिएर हिसाब गर्ने ज्ञान ।

२०. **आयुर्वेद विद्या :** मानिसलाई निरोगी बनाने शल्यचिकित्सा सहति आयुष्यवृद्धिका लागि गरिने उपचार, जडिबुटी औषधी ज्ञान, नाडी ज्ञानबाट रोगको प्रभावको जानकारी त्रिदोष वात, पित्त र कफजनित शरीरमा पर्ने प्रभावको ज्ञान ।

२१. **अर्थशास्त्रस :** अर्थसँग सम्बन्धित ज्ञान मुद्रा, विनिमय, बजार, मूल्यनिर्धारण, आयत निर्धारण, बजार व्यवस्थापन, उपभोक्ता उपभोग्य सामग्रीको ज्ञान आर्जन गर्ने विद्या ।

२२. **नीतिशास्त्र :** जीवनमा नीतिको प्रयोग, सदाचार नैतिक सामाजिक शिक्षा, प्राकृतिक विषयहरूको उपमासहति नीतिगत, चरित्र निर्माण गर्ने, कर्मक्षेत्रमा सफल हुनका लागि विभिन्न नीतिहरूको ज्ञान ।

२३. **राजनीतिशास्त्र :** राष्ट्र, राज्य, सञ्चालनका नीतिगत विषयको जानकारी कार्यपालिका, विधायिका, न्यायपालिकाको जानकारी राष्ट्र र जनताको जीवनमा सर्वाङ्गीण सुखी शान्ति संवृद्धि प्राप्तिका उपाय विधिसम्मत नियम, कानुनको जानकारी ।

२४. **रसायन विद्या :** रस रसायन जडीबुटी तथा खनिजबाट उत्पन्न भएका रसहरूको व्यावहारिक प्रयोग तथा त्यसका प्रयोगले मनुष्यलाई दीर्घायु बनाउने प्रक्रिया ।

२५. **स्थापत्य कला** : उपवेद–स्थापत्यवेद अन्तर्गत मनुष्यालय, देवालय, औषधालय, जीवालय (गौशाला) शिक्षालय आदि नगर ग्राम निर्माणको ज्ञान भवन निर्माण गर्ने प्रक्रियाको ज्ञान ।

२६. **चित्रकला** : विभिन्न रङ्गहरूको संयोजन गरेर चित्राकृति निर्माण गर्ने तैलियचित्र, वृक्ष वनस्पतिका चित्र, मनुष्याकृति चित्र, चित्रकारिताका विविध आयामहरूको ज्ञान ।

२७. **लौह कला** : भूगर्भभित्र प्राप्त हुने खनिज पदार्थ फलामलाई प्रयोग गर्ने विभिन्न प्रकारका सामग्रीहरू निर्माण गर्ने फलामको गुण, धर्मको प्रायोगसँग सम्बन्धित ज्ञान गर्ने विद्या ।

२८. **ताम्र कला** : तामा प्रयोग गर्ने, भूगर्भभित्र प्राप्त हुने खनिज पदार्थ तामालाई प्रयोग गर्ने विभिन्न प्रकारका सामग्रीहरू निर्माण गर्ने तामाको गुण, धर्मको प्रायोगसँग सम्बन्धित तामाका भाँडा आदि निर्माण गर्ने ।

२९. **स्वर्ण कला** सुनलाई विभिन्न रूप दिने, सुन प्रयोग गर्ने, भूगर्भभित्र प्राप्त हुने खनिज पदार्थ सुनलाई प्रयोग गर्ने विभिन्न प्रकारका सामग्रीहरू निर्माण गर्ने सुनको गुण, धर्मको प्रायोगसँग सम्बन्धित सुनका गरगहना आदि बहुमूल्य सामग्री निर्माण गर्ने ।

३०. **काष्ठ कला** : काष्ठकलामा आकृतिहरू निर्माण गर्ने, काठलाई प्रयोग गरेर विभिन्न प्रकारका उपयोगी सामग्रीहरू निर्माण गर्ने, काठको गुण धर्म त्यसको प्रयोगको बारेमा ज्ञान गर्ने ।

३१. **पदार्थ विद्या** : पदार्थहरूको गुण धर्म पारद (मर्करी) को प्रयोग, पदार्थबाट उत्पन्न भएका विविध शक्तिहरू र रासायनिक प्रतिक्रियाहरूको जानकारी ।

३२. **धनुर्विद्या** :धनुर्वेदमा वर्णन गरिएका विविध रणनीतिक कला मन्त्रसहित धनुर्वाण युद्धमा प्रयोग हुने विभिन्न प्रकारका हातहतियार चलाउने ज्ञान ।

३३. **युद्ध कला** : युद्धमा शत्रु पक्षलाई पराजित गर्ने उद्देश्यले विविध कलाकौशलका आˆना सेनाहरूलाई संयोजित र संघवद्ध गरी शंख, चक्र, हंस आदि विविध व्यूहरचना गर्ने प्रक्रिया । लडाइँको वेला जटिल परिस्थितिमा कुन वेला कुन जुक्ति प्रयोग गर्ने हो त्यस विषयमा ज्ञान प्राप्त गरी युद्ध विजयी हुने कला ।

३४. **निरूक्त** : हरेक शब्दको उत्पत्ति त्यसको ज्ञान गर्ने मात्र मात्रिका शब्द प्रयोगात्मक विद्य ।

३५. **उदभिद् विद्या** : रूख विरूवाहरूको अस्तित्त्व उनीहरूको गुण धर्म बीउ बिजनको रोपण रक्षण मार्जन भण्डारण गने ज्ञान ।

३६. **पशु विद्या** : विविध पशुपक्षीहरूलाई वश गर्ने र त्यसको भाषा पनि बुझ्न सक्ने ज्ञान । चितुवा, बाघ, भालु, वनचर विभिन्न पशुहरूको वासस्थान रहनसहन र उनीहरूको गतिविधिको वारेमा जानकारी प्राप्त गर्ने विद्या ।

३७. **पक्षी विद्या :** विविध पक्षीहरूलाई वश गर्ने र पक्षीको भाषा पनि बुझ्न सक्ने, उनीहरूलाई वसमा पारी उनीहरूबाट सन्देश आदान प्रदान गर्ने वाज, परेवा, डाँफे, मयूर, विभिन्न पक्षीहरूको वासस्थान रहनसहन र उनीहरूको गतिविधिको वारेमा जानकारी प्राप्त गर्ने विद्या ।

३८ **जीव विद्या :** गौ, घोडा हात्तिसहित घरपालुवा जनावरहरूको ज्ञान प्राप्त गरी उनीहरूको औषधी उपचार गर्ने विद्या

३९. **कामशास्त्र :** विविध प्रकारका पुरूषस्त्रीको शारीरिक बनावट शरीरका लक्षण, विविध आसन आदिद्वारा गर्भधान प्रयोगात्मक ज्ञान गर्ने दाम्पत्य जीवनमा कामकला विषयको ज्ञान ।

४०. **शस्त्र विद्या :** विविध प्रकारका हातहतियार प्रयोग, हतियार निर्माण, भण्डारण, आत्मरक्षा र हातहतियारको प्रयोग खड्ग, मुसल, तरवार, चक्र, गदा, मुद्गर, तोमर आदि जस्ता विविध अस्त्रहरूलाई शत्रु उपर प्रयोग गर्ने विद्या

४१. **वस्त्र निर्माण कला :** विविध प्रकारका वस्त्रहरूलाईे बनाउने रङ्ग्याउने तान बनाउने कपडा सिलाउने मिलाउने आदिको ज्ञान गर्ने ।

४२. **रत्न परीक्षण कला :** विविध प्रकारका मोति माणिक्य पुखराज पन्ना नीलम लाजवर्थ हिरा आदि बहुमूल्य रत्न परीक्षण प्रयोग र उपयोगिता रत्नको गुण धर्मको जानकारी गर्ने कला

४३. **कृषि विद्या :** फलफूल, जडिबुटी, धान, मकै, गहूँ, जौ, तिल र विविध आवश्यक सागसब्जीहरू उत्पन्न गर्ने र कृषिका विविध आयामहरूको जानकारी प्राप्त गर्ने विद्या

४४. **सामुद्रिक शास्त्र :** कपालदेखि नङ्सम्म मानिसका शरीरको विविध अङ्गहरूलाई अध्ययन गरी व्यक्तिको स्वभाव र प्रवृत्ति पत्ता लगाउनु

४५. **अश्व विद्या :** अश्व आरोहण, घोडालाई वशमा गरी युद्ध आदि विविध कर्ममा प्रयोग गर्ने विद्या

४६. **छल विद्या :** छलकपटको प्रयोगबाट साम दाम दण्ड भेद नीतिको प्रयोगबाट विविध प्रकारका कार्यसिद्धि गर्ने कला, लुक्ने, हराउने, स्वरूप परिवर्तन गर्ने, सृङ्गारपटारबाट रूप परिवर्तन गर्ने विद्या ।

४७. **भू-विद्या :** भूगर्भभित्रको विविध गतिविधि ग्यास, पेट्रोल, कोइला पृथ्वीबाट प्राप्त हुने तथा प्रयोग गर्न सकिने सबै वस्तुहरूको बारेमा ज्ञान

४८. **वास्तुशास्त्र :** सम्पूर्ण भौगोलिक बनावटअनुसार विभिन्न प्रकारका पूर्व, पश्चिम, उत्तर दक्षिणसहित सबै उपदिशाहरूको बारेमा जानकारी प्राप्त गरी गृहनिर्माण गृहको बनावट घरको आन्तरिक साजसज्जा विविध प्रकारका सामग्रीहरूको प्रयोग गर्ने ज्ञान ।

४९. **मन्त्र विद्या :** भौतिक तथा आध्यात्मिक जीवनमा विभिन्न विघ्नबाधा दूर गर्नलाई मन्त्रको प्रयोग साथै मन्त्रसाधना गरी देवदेवीलाई खुशी पारी आफूलाई मुक्त पार्ने विद्या

५०. **भूतप्रेत पिचाश विद्या :** इहलोक, परलोकमा गएका मृत्आत्महरूसाग सम्पर्क गर्ने मारण मोहन स्तम्भन बशीकरण आदि प्रयोग गर्ने, राम्रा नराम्रा विविध आत्माहरूको अध्ययन र उनीहरूको साथमा सम्पर्क गर्ने ज्ञान ।

५१. **देव विद्या :**देवताहरूको मन्दिर निर्माण, प्रतिमा लक्षण प्रतिमाको स्थापना पूजा अर्चन स्तुति आदिद्वारा खुसी पार्ने विद्या ।

५१. **गन्धर्व विद्या :** नृत्य, गीत, वाद्यसहित सप्तस्वर (सा रे ग म प ध नि सा)को प्रयोग नृत्यआदि विविध प्रकारका मुद्राहरूको ज्ञान, वाद्यवादन ढोल, मृदङ्ग, तबला, मादल, आदि विविध सङ्गीतका वाद्यवादन प्रयोग गर्ने विद्या ।

५२. **मन्त्रणा विद्या :** राजादेखि सामान्य नागरिक जनसँग परामर्श सल्लाह सुझाव दिनेलिने सल्लाह विशेषज्ञता मध्यस्थ कर्ता  लिएर आवश्यक पर्दा सबैलाई मन्त्रण गर्ने सर्वस्वीकार्य सल्लाह दिने कला ।

५३. **अग्नि विद्या :** अग्निलाई गृहकार्यदेखि युद्धसम्म सबै स्थानमा प्रयोग गर्ने, अग्नीको गुण धर्म विभिन्न प्रकारका अग्निका माध्यमबाट युद्धमा विजय प्राप्त गर्ने ज्ञान ।

५४. **पाक विद्या :** भोजन निर्माण हजारौ हजार समुदायलाई भोजन निर्माण गर्ने, अन्नको रसको जानकारी सुस्वादु भोजना निर्माण ८४ व्यञ्जनको निर्माण गर्ने ज्ञान ।

५५. **सम्मोहिनी विद्या :** मानव चित्तलाई मोहित पारेर आˆनो काम सिद्ध गर्ने तन्त्रमन्त्र प्रयोगबाट मानवचित्तको वशीकरण प्रयोग गर्ने ज्ञान ।

५६. **आप विद्या :** हावा माटो पानी प्रकाश ताप आदिबाट विविध प्रकारका जटिल रोग निको पार्ने प्राकृतिक चिकित्सा विधिद्वारा प्रकृतिमा रहेका विविध प्रकारका पदार्थहरूको संयोजनहरूबाट उपचार गर्ने ज्ञानमणि

५७. **शृङ्गार कला :** विभिन्न प्रकारका शृङ्गार केश सज्जा पुरूष स्त्री बालवृद्ध सबैलाई शृङ्गारद्वारा सुन्दर बनाउने कला ।

५८. **धूत विद्या :** जुवा पाशा विविध प्रकारका कौडाहरूलाई प्रयोग गरेर खेल्ने कला ।

५९. **स्वप्नलक्षण विद्या :** सयनावस्थामा देखिएका स्वप्नहरूको मूल्यांकन शुभ अशुभ लक्षण छुट्याउने ज्ञान ।

६०. **प्रशासन विद्या :** राजनीति प्रयोग साम, दाम, दण्ड, भेद न्याय व्यवस्था आदिद्वारा राष्ट्रमा प्रशासन चलाउने ज्ञान कार्यपालिका, न्यायपालिका विधायिकाको समन्वय गर्ने ज्ञान ।

६१. **साहित्य कला :** कथा, कविता उपन्यास र लेख आदि सृजन गर्ने प्रक्रिया

६२. **रज्जु कला** : डोरी आदिको माध्यमबाट पहाड पर्वत चढ्ने, समुद्र, नदिनालाआदिमा पौडी खेल्ने ज्ञान ।

६३. **पुष्पसञ्चयन कला** : विविधप्रकारका वृक्षवनस्पति फूलपातहरू प्रयोग गरेर विभिन्न प्रकारका मालाहरू बनाउने कला ।

**६४. सन्तान प्रतिपादन विद्या :** आफूले चाहे बमोजिम सन्तान जन्माउने र त्यसलाई कसरी प्रतिभावान् र बुद्धिमान बनाउने भन्ने बारे व्यावहारिक विद्या ।

**तान्त्रिक ग्रन्थमा उपकला ६४ कला**

१. वाद्यम् , २ नृत्यम्, ३ नाट्यम् ४ आलेख्यम् ५ विशेषकच्छेद्यम् ६ भोजनपाक विद्या ७ पुषास्तरणम् ८ दशनवसनाङ्गरागाः ९ मणिभूमिका कमर्म्म १० शयनरचनम् ११ उदकवाद्यम् १२ उदकघातः १३ चित्रायोगः १४ माल्यग्रन्थनविकल्पाः १५ शेखरापीडयोजनम् १६ नेपथ्ययोग १७ कर्णपत्रभङ्गाः १८ गन्धयुक्ति १९ भूषणयोजनम् २० ऐन्द्रजालम् २१कौचुमारयोगाः २२ हस्तलाघवम् २३ त्रित्रशाकपूपभक्ष्यविकार क्रिया २४ पानक रस रागासवयोजनम् २५ सूचिवापकर्म्माणि २६ सूत्रक्रीडा २७ प्रहेलिका २८ प्रतिमाला २९ दुव्वचकयोगाः ३० पुस्तकवाचनम् ३१ नाटिकाख्यायिका दर्शनम् ३२ काव्यसमस्या पूरणम् ३३ पट्टिकावेत्रवाणविकल्पाः ३४ तर्ककर्म्माणि ३५ तक्षणम् ३६ वास्तुविद्या ३७ रूप्यरत्नपरीक्षा ३८ धातुवादः ३९ मणिरागज्ञानम् ४० आकारज्ञानम् ४१ वृक्षायुर्वेद ज्ञानम् ४२ मेषकक्कुट लावक युद्धविधिः ४३ शुक शारिका प्रलापनम् ४४ उत्सादनम् ४५ केशमार्जनकौशलम् ४६ अक्षरमुष्टिका कथनम् ४७ म्लेच्छितिक विकल्पाः ४८ देशभाषाज्ञानम् ४९ पुष्पशकटिकानिमित्तज्ञानम् ५०यन्त्रमाकृका ज्ञानम् ५१ धारणमातृका ज्ञानम् ५२ सम्पाट्यम् ५३ मानसीकाव्यक्रिया ५४ क्रिया विल्पाः ५५ छलितकयोगाः ५६ अभिधानकोषच्छन्दज्ञानम् ५७ वस्त्रगोपनानिज्ञानम् ५८ द्यूतविशेषः ज्ञानम् ५९ आकर्षणक्रीडा ६० बालकक्रीडाज्ञानम् लालनपालन ६१ वैनायिकीज्ञानमं विद्याज्ञानम् ६२ वैजयिकीनां विद्यानां ज्ञानम् ६३ वैतालिकीनां विद्यानांज्ञानम् ६४ गीतम् सप्तस्वर ज्ञानम् ।

*(शास्त्री नेपाल शिक्षण परिषद्का महामन्त्री हुन्)*